# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प.सः २०८१/८२ (शै.प्र.)

च.नः ६०३२

Email: bmceducationsection@gmail.com  फोन नः ०५६-५३२०३७

मिति २०८२/१/२५

विषयः- सडक बालबालिका तथा बालश्रमिकका लागि आवासीय शैक्षिक प्रबन्धका लागि छात्रवृत्तिको प्रस्ताव पेश गर्ने सूचना

श्री सामुदायिक विद्यालय/बालगृह/छात्रावासहरू

भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८१/८२ मा यस महानगरपालिकालाई संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान "विद्यालय उमेर समूहका सडक बालबालिका तथा बालश्रमिक आवासीय शैक्षिक प्रबन्ध" शीर्षकमा विनियोजित रकमबाट महानगरपालिका भित्र विद्यालय उमेर ममूहका विद्यालय बाहिर रहेका सडक बालबालिका तथा बालश्रमिक पहिचान गरी उनीहरूको पढाइको सुनिश्चितता गर्न नजिकको विद्यालयसँग समन्वय गरी उनीहरूको लागि आवासीय सुविधा उपलब्ध गराउन चाहने कानून बमोजिम स्थापित भै विगत देखि नै त्यस्ता बालबालिकाहरूलाई आवासीय सुविधा सहित पठन पाठनको व्यवस्था मिलाइरहेको र शैक्षिक सत्र २०८२ मा नयाँ भर्ना गरेका त्यस्ता बालबालिकाहरूको विवरण सहित महानगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालय/बालगृह/छात्रावासहरूले तपसिल बमोजिमका कागजातहरू समावेश गरी आफ्नो प्रस्ताव शैक्षिक प्रशासन महाशाखामा १५ दिन भित्र पेश गर्नु यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

- बाल गृह सञ्चालनको अनुमति पत्र र नविकरण पत्रको प्रतिलिपि
- बालबालिकाहरुको शैक्षिक विवरण, समीक्षा र सुधार योजना
- बालबालिकाहरूलाई उपलब्ध गराइएको योग, ध्यान, खेलकुद र मनोरञ्जनको विवरण
- बालबालिकाको स्वास्थ्य उपचार सम्बन्धी विवरण
- सस्थाको वार्षिक प्रतिवेदन
- आव २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन
- करचुक्ता प्रमाणपत्र/कर छुट प्रमाणपत्र
- आश्रित बालबालिकाको अध्ययनरत कक्षा, विद्यालय र उमेर खुल्ने गरी एकमुष्ट विवरण
- सम्बन्धित विद्यालयले दिएको बालबालिकाहरू अध्ययनरत रहेको भन्ने व्यहोराको सिफारिस पत्र
- आ. व. २०८०/८१ मा यसै प्रकारको अनुदान प्राप्त गरेका सस्थाहरूले सो को प्रगति विवरण
- बालबालिकाहरूको संक्षिप्त व्यक्तिगत विवरण
- सस्थाले बालबालिकाहरूलाई उपलब्ध गराउने सेवा सुविधा र संरक्षण सम्बन्धी विवरण
- चालु आर्थिक वर्षमा अन्य निकायबाट प्राप्त अनुदान/सहयोगको वास्तविक विवरण

शिवप्रसाद ढुंगाना

अधिकृत स्तर आठौं

अधिकृत स्तर आठौं